मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ४ • पूर्णांक : २०३ • वि.सं. २०८० मंसिर २६ मंगलवार • ने.सं. ११४४ कछलागा आमाई • 2023 December 12 • पृष्ठ ८ • मूल्य रू. १०।-

मानव अधिकारको सम्मान भएमा मात्र लोकतान्त्रिक शासन प्रणाली बलियो हुने : राष्ट्रपति पौडेल

मानव अधिकार मौलिक हकको रूपमा प्रत्याभूत

• **मेरो संवाददाता**

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन भएमा मात्र बहुलवादमा आधारित संसदीय लोकतान्त्रिक शासन प्रणाली बलियो हुने बताउनु भएको छ।

७५ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (१० डिसेम्बर) का अवसरमा शुभकामना दिनुहुँदै राष्ट्रपनि पौडेलले मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति नेपाल सदैव प्रतिबद्ध रहेको बताएका छन्।

'हाम्रो देश मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्रसमेत भएकाले मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध एवं संवेदनशील रहिआएको छ। फलस्वरुप नेपाल संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषदको सदस्यका रूपमासमेत निर्वाचित भएको छ' राष्ट्रपतिको भनाई रहेको छ।

यसैबीच आइतवार राष्ट्रपति कार्यालयमा आयोजित मानव अधिकारको विश्वव्यापी घोषणा जारी भएको ७५ वर्ष पुगेको उपलक्ष्यमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था गरिएका सबै अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "१० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसङ्घको महासभाबाट पारित मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणालाई मानव अधिकारको क्षेत्रमा सबै राष्ट्र तथा समुदायको साझा उपलब्धि र आधारभूत मापदण्डको रूपमा लिइन्छ।"

उहाँले भन्नुभयो, "यो घोषणा जारी हुँदा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य नभए पनि मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी महासन्धिद्वारा व्यवस्था गरिएका सबै प्रकारका अधिकारलाई नेपालको संविधानमा मौलिक हकको रूपमा प्रत्याभूत गरेको विदितै छ।"

कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय प्रसाद यादव, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालगायत विशिष्ट व्यक्तित्वको उपस्थिति थियो।

मन्त्री महर्जनलाई गृह नगरमा सम्मान

• **मेरो संवाददाता**

काठमाडौं/बागमति प्रदेशमा नेपाल भाषा लागू गर्न विधेयक प्रस्तुत गर्नुका साथै विधेयक पारित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनलाई गत शनिवार किर्तिपुर नगरबासिले सम्मान गरेको छ।

सांस्कृतिक बाजगाजाका साथ नगर परिक्रममा पछि उहाँलाई धन्यवाद पत्रले सम्मान गरको थियो।

उहाँलाई उहाँकै निजि स्थानबाट च्याली गर्दै पाँगाको लाछि दबलिमा पुगेपछि नेवारी परम्परा अनुसार सगुनको साथमा बेतालिले सम्मान गरेको थियो। किर्तिपुरका विभिन्न संस्थाले पनि उहाँको योगदानको कदर गर्दै सगनु दिइ धन्यवाद प्रदान गरेको थियो।

कार्याक्रममा किर्तिपुर नगरपालिकाका उपप्रमुख शुभलक्ष्मी शाक्य सुनिताले स्वागत मन्तव्य राख्नु हुँदै अहिलेको अवसथामा भाषा विधेयक कार्यान्वयनको लागि हामी नै अग्रसर र सचेत हुनेपर्ने बताउनु भयो। त्यसैगरि नेवाः देय् दबू स्वनिगः विशेष प्रदेशका अध्यक्ष श्रीकृष्ण महर्जनले बागमती प्रदेशमा भाषा विधेयक संसदमा प्रस्तुतका साथै पारित गर्न मन्त्री महर्जनले ठुलो योगदान गर्नुभएको साथै नेपालभाषको लागि आन्दोलन भइरहेको अवस्थामा केहि माग पुराभएकोले हउँलाई धन्यवाद दिनुभयो।

सोहि कार्यक्रममा बोल्नु हुँदै मन्त्री महर्जनले विधेय ल्याउन आफुले गरेको प्रयासको जिकिर गर्दै कार्यान्वयन गर्न झन चुनौति रहेको भन्नु भयो। साथै यसको लागि नियमावली वनाउन थप कार्य गर्ने पनि भन्नुभयो।

२०औं हस्तकला ब्यापार मेला तथा १८औं हस्तकला प्रतियोगिता हुने

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल हस्तकला महासंघको आयोजनामा यही मंसिर २८ गतेबाट २०औं हस्तकला ब्यापार मेला तथा १८औं हस्तकला प्रतियोगिताको आयोजना हुने भएको छ। आफ्नो स्वर्ण वर्ष पुगेको उपलक्ष्य पारेर महासंघ स्थापनाको ५१ औं वार्षिकोत्सव तथा १२ औं हस्तकला दिवससमेतको अवसर पारेर आयोजना गरिन लागिएको हो।

सोमवार ठमेलस्थित नेपाली घर रेष्टुरेण्टमा आयोजित पत्रकार सम्मेलनमा होटेल डेल अन्नपूर्ण, दरबारमार्ग, काठमाडौंमा कार्यक्रम हुने जानकारी गराइएको थियो।

उद्यमी, कलाकार, कालिगढहरुबाट उत्पादित नेपाली हस्तकलाका वस्तुहरुको स्थानीय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने, नयाँ नयाँ निर्यातयोग्य वस्तु उत्पादन गर्न उद्यमीहरुलाई प्रोत्साहित गर्ने, अन्तर र्राष्ट्रिय बजारका आयातकर्ताहरुको चाहना अनुरुप वस्तु डिजाईन र रंग संयोजनका बारेमा उद्यमी व्यवसायीहरुमा जानकारी आदान प्रदान गर्ने स्वदेशी र विदेशी क्रेता

तथा विक्रेता बीच एक आपसमा सीप, प्रविधि, डिजाईन र ज्ञानको आदान प्रदान गर्ने आदि नै यो मेला गर्नुको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ।

धुम्रबराहा माबिलाई सहयोग

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौंबिश्वबिद्यालय अन्तर्गतको कुसोम (काठमाडौं यूनिभर्सिटी स्कूल अफ म्यानेजमेन्ट) रोट्रायक्ट क्लवले धुम्रबराहा माध्यमिक बिद्यालयलाई बिभिन्न सहयोग प्रदान गरेको छ।

शुक्रबार सो बिद्यालयमा आयोजित एक कार्यक्रमका बीच कुसोम रोट्रायक्ट क्लवको संस्थापक सभापति स्नेहा चिमौरियाले मर्यादित महिनावारी दिवसको उपलक्ष्यमा कक्षा ७, ८, ९ र १० का छात्रालाई पुनः प्रयोग गर्न मिल्ने प्याड १३० थान र २५ थान अन्डरबेयरका साथै कलर पेन्सिल र कलर ९६ थान, कपि १०० थान, पुस्तकालयको लागि सन्दर्भ पुस्तक ७० वटा, पेन्सिल ब्याग १०० वटा, खेलकुद सामग्री (ब्याडमिन्टन, फुटबल र टेबलटेनिसलगायत) र ट्रायकसुट लगायतका लुगाहरु धुम्रबराहा मा. वि.का प्रधानाध्यापक सुजाता राजलवटमार्फत हस्तान्तरण गरेकी हुन्।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

बिदेशमा रुखमा पैसा फल्दैन

नेपालमा युवाहरु विदेश पलायन भएकोले केहि दिनमै युवालाई खोज्ने स्थिति आउँदैन भन्न सकिन्न। पढाईको बहाना होस वा काम गर्न दिनहुँ युवाहरु विदेश पलायन भइरहेको छ। वास्तवमा नेपालीहरुले वास्तविक भन्दा पनि फेसवुक मार्फत् आफ्ना साथीहरुले विदेशमा गइ राम्रा र सफलताको फोटो राखिदिँदा नेपालमा रहेका युवाहरुपनि विदेश जान लालायित भएका छन्। विदेश जान चाहिने पैसा कि त घडेरी बेचि वा घडेरी बैंकमा ढिटो राखि जाने गर्छ जसको परिणाम यदि उनिहरुले कमाइ फिर्तापठायो भने ठिक होइन भने आमाबुबा र परिवारको लागि घाँडो मात्र नभई आत्मा हत्याको स्थिति सम्म पुगेको हामीले देख्न र सुन्न पाइरहेका छौं। युवाहरु यहाँ बसेर एक विषय लिइ पढेका तर विदेशमा गएपछि मुलत भाडा माझ्ने,वोटर, सहायक कुक, ट्वाइलेट सफा गर्ने आइसक्रिमवेच्ने अलावा पसलमा वस्ने काम भन्दा अरु अफिसको काम भने धेर थोरैमा मात्र पाएको सुन्न र देख्न सकिन्छ।

मेरा छोरा छोरी विदेशमा भनि आफ्नो शक्ति हुँदा घमण्ड गर्ने आमाबुबा पनि बुढेसकालमा छोराछोरीले वास्ता नगर्दा पिरोल्ने मात्र नभई वृद्धाश्रमको शरणमा पुगेको पनि नदेखेको होइन। आमाबुबाको मृत्युमा समेत दुई छोरा विदेशमा भए आमाको मृत्युमा एक बाबाको मृत्युमा अर्को जाने सम्म छलफल गर्न भ्याउने गर्छ विदेशमा पुगेको छोरा छोरी। कोहि कोहि त हप्तौ सम्म मुर्दा घरमा राख्न पनि बाध्य भएको हामीले देख्न र भोग्नु परेको छ।

यद्यपि विदेश जान चाहने युवाहरुलाई त्यहाँ नेपालीलाई पर्ने दुःख कष्टको वास्तविक चित्रण देखाइदिन सके भने युवाहरु यहि नेपालमा बसि विकासका बाटाहरु खोज्ने हुनकि। होइन भने युवाहरु दिनप्रतिदिन विदेशमा गएको अवस्थालाई हेर्दा एकदिन युवाहरु खोज्न नै नपाउने अवस्था नआउला भन्न सकिन्न। बुढाबुढी र केटाकेटिहरुमात्र बाँकि भएको अवस्थामा मलामि जान र अस्पताल लान पनि हामीले विदेशबाट खेताला ल्याउन पर्ने अवस्था सिर्जना हुँदैन भन्ने सकिने अवस्था छैन।

युवाहरु देशको खम्बा हुन् उनिहरुलाई बलियो पारि यहि देशको माटोमा पसिना बगाउन दिनु पर्छ यसको लागि राज्यले अवसरको बाटो खुकुलो पार्दै लानु पर्ने अवस्था छ।

बाला चतुर्दशी, जैविक विविधतासँग सम्बन्धित पर्व

✍ कृष्णहरि देवकोटा

गत वर्षहरु जस्तै यो वर्षको मंसिर २५ गते नेपाल भर बाला चतुर्दशी पर्व धुमधामका साथ मनाइयो। उक्त पर्वलाई सतवीउ छर्ने पर्व पनि भनिन्छ। यो पर्व नेपालमा धेरै वर्ष पहिलेदेखि परम्परागत रुपमा मनाउन थालिएको छ। यो पर्व पहिलेपहिले खास गरी पशुपति क्षेत्रमा विशेष धुमधामका साथ मनाइन्थ्यो भने आजकल देवघाट, रिडी लगायतका देशभरका विभिन्न स्थानहरुमा विशेष गरी महादेव मन्दिरको परिसर वरपर पनि सतवीउ छरी मनाउन थालिएको छ। बाला चतुर्दशीमा सतवीउ छर्नाले आफ्ना पितृहरुको उत्थान हुन्छ। उनीहरुले स्वर्गमा उचित स्थान पाउँछन् भन्ने मान्यता छ। यसको आध्यात्मिक मान्यता आफ्नै स्थानमा होला तर यो पर्व जैविक विविधता संरक्षणसंग पनि प्रत्यक्ष या परोक्ष रुपमा जोडिएको देखिन्छ।

यस पर्वमा नेपाल र खासगरी भारतका भक्तहरु बाला चतुर्दशीको अघिल्लो रातमै पशुपति नाथको मन्दिर परिसरमा जम्मा भई रातभरी वत्ती बालेर जाग्रम बस्ने, भजन गाउँने र विहान सबैरै उठी पवित्र वागमती नदीको पानीमा स्थान गरी पशुपती नाथको मन्दिरको समिपमा रहेको स्लेशमान्तक वनको शिवपुरन मृगस्थलीमा आफ्ना पितृहरुको उद्धारको कामना गर्दै सतवीउ छर्ने गर्दछन्। सक्नेहरु पशुपति नाथ क्षेत्रमा गई सतवीउ छर्ने गर्दछन् भने पशुपति नाथ क्षेत्रसम्म जान नसक्ने देशका अन्य स्थानहरुका भक्तहरु आआफ्नो स्थान वरपर रहेका शिवालयहरुको परिसर र वरपरको जंगलमा गई सतवीउ छर्ने गर्दछन्। जे होस् यो पर्व अहिले देशभर नै मनाउन थालिएको छ।

यो पर्वको सुरुवात कसरी भयो भन्नेवारे एउटा किम्वदन्ती छ। एक जमानामा बालानन्द भन्ने एक व्यपारी कुनै आफन्तको लास जलाउन आर्यघाट गएको थियो रे। लास जल्दै थियो उ हल्का केही खानेकुरा पातमा राखेर खाँदै थियो चिताको आगाको लप्काबाट उछिट्टिएर मासुको टुक्रा खाइरहेको खानेकुरामा परेछ। सो खानेकुरा खाए पछि उ वालासुर (बालां असुर. बालासुर) राक्षसमा रुपान्तरित भयो। त्यस पछि उसले लासखाने र मानिसहरुमा पनि आक्रमण गर्ने गर्न थाल्यो। मानिसहरु भयभित हुनथाले र राजालाई जानकारी गराए। राजाले वालासुरकै एकजना साथी वृष सिंलाई तिमीले वालासुरलाई मार्नु भनी आदेश दिए। वृष सिं धर्म संकटमा पर्‌यो। उसलाई साथीको हत्या गर्न निकै गाह्रो भयो र उ पवित्र स्लेशमान्तक वनमा गएर शिवजीको तपस्या गरेर बस्यो। तपस्याबाट खुशी भई शिवजीले बालासुरको अन्त्य त गर्नु भयो साथै वालासुरले गरेको पापबाट उसलाई मुक्त गर्न तिमीले यस स्लेशमान्तक बनमा सतवीउ छर्नु भनी वृष सिंलाई अर्थ्याउनु पनि भयो। त्यस पछि नै सतवीउ छर्ने परंपरा चलेको भन्ने मान्यता रहिआएको छ।

किम्बदन्ती जे भए पनि यो पर्वले

वनस्पतिका वीउहरुलाई जोगाउनु पर्दछ र उपयुक्त समयमा छरी जमीनलाई हरावरा बनाउनु पर्दछ भन्ने नै सन्देश दिन खोजेको छ। यसले पशुपतिको माथि पट्टी डाँडाको जंगलमा मात्र हैन सबै नाङ्गा डाँडाहरुमा उपयोगी विरुवाहरुको वीउ रोपेर हराभरा बनाउनु पर्दछ भन्न खोजेको छ। बन विनास गर्दा र जंगलमा आगो लगाउँदा बालासुरको कारण आउन सक्ने भन्दा पनि भयावह विपत्तिहरुः बाढी, पहिरो, खडेरी, आँधीवेहेरी, लू, रोगव्याधी जस्ता खतरनाक विपत्तिहरुको चपेटामा मानिसहरु पर्न सक्दछन् जसले मानिसहरुलाई भयंकर रुपमा आतंकित र भयभित बनाउन सक्दछन् भनी संकेत गरेको देखिन्छ। हामीले उपयोगी विरुवा, वनस्पति र बनलाई जोगाउन सकेनौ भने विश्वको नै अवस्था भयावह बन्न सक्ने भएकोले पनि हामीले सवै खालका वनस्पतिका वीउको रक्षा गर्नु जरुरी छ भनी सिकाई रहेको देखिन्छ। यहाँ सतवीउ भनिएको भए पनि सातवटा वीउमा मात्र सीमित रहेने भनेको पक्कै हैन। बरु सहस्र वनस्पतिहरुको वीउहरुलाई माटोमा स्वतन्त्र रुपले छरिन पाउने वातावरको सिर्जना गरी उनीहरुको लागि उम्रने र हुर्कने वातावरण वनाऊ भन्न खोजेको छ।

यो पर्वमा मानिसहरुले सतवीउको नाममा धान, जौ, मकै, मास, तील, कोदो, फापर आदि जे छर्ने गरेको भएता पनि यसले दिन खोजेको सन्देश त के हो भने विभिन्न उपयोगी विरुवाहरुको वीउविजनको रक्षा गरी उनीहरुको उम्रन र फैलन पाउने वातावरण तयार गर, नत्र, हाम्रो संरक्षण अभियान विना, कतिपय वनस्पतिहरु लोप हुने अवस्थामा पुग्ने छन् भन्ने पनि हो।

सतवीउ छर्ने पर्वले अर्को के पनि संदेश दिन खोजेको देखिन्छ भने कतिपय वनस्पतिका वीउहरु जंगली चरा, मुसा, कीरा आदिका लागि अति आवश्यक उपयोगी आहारा पनि हो। ती विरुवाका वीउहरुलाई बोटमा नै पाक्न र जमीनमा झर्न तथा छरिन पनि दिनु पर्दछ। त्यसो भएमा ती जीवहरुको संरक्षणमा सहयोग गरी भावी सन्ततिको कल्याण गर्न र यो धर्तीलाई नै हराभरा र सुन्दर बनाई स्वर्गको आभास दिने स्थानको रुपमा परिवर्तन गर्न सघाई रहेको देखिन्छ।

वाला चतुर्दशी जस्ता अरु पनि पर्वहरु छन् जस्तै कुशे औंसी जसले कुश जस्तो दुर्लव तर औषधीको हिसावले उपयोगी विरुवाको संरक्षण गर्न सुझाएको देखिन्छ। त्यसैगरी हरिसैनी एकादशीले तुलसी जस्तो महत्वपूर्ण जडिवुटीको संरक्षण गर्न सिकाएको छ। शिवरात्री पर्वले बहुउपयोगी वेल र धतुराको संरक्षणको लागि सहयोग गर्न खोजेको देखिन्छ। नेवार जातिको वेल विवाह पर्वले पनि वेलको विनास नगर्ने कुराको संकेत दिएको देखिन्छ। वैशाख महिनाभर वर र पिपलको पूजा गर्ने र पानी चढाउने गरिन्छ। सिमलीको वोट मुनी वायुको थान खडा गरी पूजा गर्ने गरिन्छ। कदमको बोटमा पनि पूजा गर्ने गरिन्छ। यी सबै कार्यले दुर्लव तथा उपयोगी विरुवाहरुको संरक्षण गर नभए लोप हुन सक्दछन् र मानिसलाई नै अनिष्ठ हुन सक्दछ भन्ने जानकारी दिन खोजेको स्पस्ट छ।

यसरी हेर्दा हाम्रा सबै चाडपर्व, संस्कृति, परंपरा र मूल्यमान्यताहरुले धेरै नै सकारात्म संदेशहरु दिइरहेका हुन्छन्। तर हामीले ती सबैको वास्तविक मर्मलाई नवुझी परंपरालाई धान्ने मात्रै गरेका छौं। यो बाला चतुर्दशी पर्वले पनि हामीलाई पशुपति क्षेत्रमा घरको अन्न लगेर मुरीकामुरी एकै स्थानमा पोख, अन्नको नास गर भनेको पक्कै हैन जो हामी अहिले गरिरहेका छौं। यसले त हरेक उपयोगी वनस्पतिका वीउहरुको संरक्षण गर प्रकृतिमा भएका सबै वनस्पतिका वीउ लाग्न देऊ, पाक्न, छरिन, फैलिन, उम्रन र बृद्धिविकास हुन र मौलाउन देऊ, यी कुनै पनि प्राकृतिक प्रकृयामा अवरोध पैदा नगर, प्राकृतिकका हरेक क्रियाकतापलाई निर्वाध चल्न देऊ त्यसैमा हामी मानवको पनि कल्याण छ भन्न खोजेको छ।

नि:शुल्क संगीत प्रशिक्षणको अवलोकन

• **रिदेन महर्जन**

काठमाडौं/संगीत अनुसन्धान तथा विकास मञ्च नेपालले निःशुल्क रुपमा संगित सिकाउँदै आइरहेको छ।

यसै क्रममा शनिबार अध्यक्ष ओम सुनारले काठमाडौंको बालमन्दिर स्थित संगीत प्रशिक्षण भइरहेको स्थानको अवलोकन गरेका छन्।

बालमन्दिरमा बिगत ६ महिनादेखि संगीत कक्षा निरन्तर चलिरहेको कुरा पनि जानकारी गराएका छन्। नेपाली मौलिक गीत संगीतको जर्गेना, संरक्षण, खोज, अनुसन्धानका साथै प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको सो संस्थाले विभिन्न अनाथ आश्रममा रहेका बाललिकाहरु, बृद्धाश्रममा रहेका बृद्धबृद्धाहरुलाई निःशुल्क रुपमा संगित सिकाई रहेको सो संस्थाका अध्यक्ष ओम सुनारले जानकारी दिए। विशुद्ध मानवीय सामाजिक सेवाभावले सहयोग गर्दै आएको यस संगित अनुसन्धान तथा विकास मञ्च नेपाल वि.सं. २०६५ सालमा स्थापना भएको हो।

यस संस्थाको ध्येय नेपाली संगीत अनुसन्धान गर्ने लगायत तालिम मार्फत विभिन्न सांगितिकको ज्ञान दिने कार्य गर्दै आएको छ। देशविदेशीमा रहेका दाताहरुले अनार्थ बालबालिका, बृद्धबृद्धाहरुलाई गीत, संगीत सिक्नका लागि चाहिने सामाग्रीहरु गितार, हाम्रोनियम, बाँसुरी, सारंगी, मादल तबला जस्ता सामाग्री देश बिदेशमा रहनु भएका सहयोगी दाताहरुले सहयोग गरिरहनु भएको र आगामी दिनमा पनि सहयोग गर्न समेत संस्थाका अध्यक्षले अनुरोध गरेका छन्।

'द स्कुल वाल' नाईजेरिया र जिम्वावेमा छनोट

• **मेरो संवाददाता**

काठमाडौं/ लघुचलचित्र 'द स्कुल वाल' नाईजेरिया र जिम्वावेमा छनोट भएको छ। बालमनोविज्ञानमा आधारित यो लघुचलचित्र नाइजेरियाको इडो स्टेट इन्टरनेशनल फिल्म फेस्टिभल र जिम्वावेको भर्सिटी फिल्म एक्स्पोमा छनोट भएको छ। यसअघि बेलायतको लिफ्ट अफ फिल्ममेकर सेसन्समा छनोट भएको थियो। लघुचलचित्रमा श्लोक साहले मुख्य भुमिका निर्वाह गरेका छन्। अन्य चर्चित कलाकारहरु सुवास प्रसाद गजुरेल, सरोज लामिछाने, चन्द्र प्रसाद पाण्डे, गिता श्री थापा, आयुषा गौतम, बिदुर प्रसाद सिग्देल, निष्ठा दाहाल, रेहान केसी, खेम राज कोईराला, उद्धव दंगाल लगायत सेलीब्रेशन स्कूलका विद्यार्थीहरुको अभिनय रहेको छ।

लघुचलचित्रलाई सुरेन्द्र क्षेत्रीले कास्टिङ डिरेक्सनसँगै निर्माणसमेत गरेका छन्। काठमाडौंमा छायांकन गरिएको लघुचलचित्रको दृश्य नारायण जिसीले खिचेका हुन्। लघुचलचित्रको सम्पादन तथा रङ्ग संयोजन अनिल कुमार महर्जनले गरेका छन्। सहायक निर्देशन करन साउदको रहेको छ। ऐना आर्ट्सको प्रस्तुतिमा निर्माण भएको लघुचलचित्र द स्कुल वालको लेखन तथा निर्देशन मोहन अभिलाषीले गरेका हुन्। उनकै लेखन तथा निर्देशन रहेको लघुचलचित्र 'घुर्रा', 'भाउ', 'पाउलो' विभिन्न देशहरुमा छनोटमा परिसकेको छ। लघुचलचित्र 'द स्कुल वाल' को अफिसियल पार्टनरको रुपमा साईलेन्ट एक्ट र मालिका मिडिया रहेका छन्।

'द स्कुल वाल' मा पर्खालको रुपमा गरिबी, परिस्थिति र जिम्मेवारीलाई प्रस्तुत गरिएको छ। लघुचलचित्रमा विद्यालय



नजिकै जुत्ता पालिस गर्ने तराईको एक बालकको संघर्षको कथालाई प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ। काम गर्ने ठाउँको अगाडिबाट विद्यार्थीहरु विद्यालय गईरहँदा उसलाई पनि पढ्ने रहरले विद्यालयसम्म तानेर लैजान्छ। पारिवारिक, आर्थिक समस्या र बाध्यात्मक परिस्थितिबिच उसले अनेक तरहका उपाएहरु अपनाएर विद्यालयभित्र प्रवेश गर्न सफल हुन्छ तर त्यो खुशी धेरै समय टिक्दैन र कथाले अर्को मोड लिन्छ। एउटा बालकले पढ्ने रहरको लागि के के सम्म गर्न सक्छ भन्ने कुरालाई चलचित्रले देखाउन खोजेको यसका निर्माता सुरेन्द्र क्षेत्री बताउँछन्।

स्वरसम्राटको ३३औं स्मृति सांस्कृतिक कार्यक्रम

• **गंगादेवी महर्जन**

काठमाडौं/काठमाडौं महानगरपालिका १८ वडाको आयोजनामा स्वरसम्राट नारायणगोपाल गुरुवाचार्यको ३३ औं स्मृति साँस्कृतिक कार्यक्रमको आयोजना गरेको छ।

मंसिर २३ गते शनिवार स्वरसम्राटको पुख्यौंलीघर रहेको किलागलमा आयोजित कार्यक्रम स्वरसम्राटको मूर्तिमा माल्यार्पण गरी सुरु गरिएको थियो।

राजेन्द्र श्रेष्ठ, शुद्धलक्ष्मी श्रेष्ठका साथै स्थानीय कलाकारहरु गरी १८ जना कलाकारहरुले स्वरसम्राट नारायणगोपालका कालजयी गीतहरु प्रस्तुत गर्नुभएको थियो।

कामपा १८ वडाकी महिला सदस्य हेराशोभा महर्जनले संचालन गर्नुभएको कार्यक्रमको व्यवस्थापन ह्याउँम्ह किसि संरक्षण खलःले गरेको थियो।

कार्यक्रममा स्वरसम्राट नारायणगोपालका गीतहरुका साथै

गीतकार समेत रहनुभएका कामपा १८ वडाका वडा अध्यक्ष न्हुछेकाजी महर्जनको पनि गायन प्रस्तुति रहेको कार्यक्रममा वरिष्ठ गायक जुजुकाजी रंजित, निशा देसार, गंगादेवी महर्जन, राजेन्द्र शाक्य, मचाराजा महर्जन, लजना मानन्धर, सुरेश मानन्धर, प्रतिमा बज्राचार्य, सोल्फा म्यूजिक एकेडेमीका विद्यार्थीहरु रोमन बुढाथोकी र रिजाश्री महर्जनले भायोलिनमा नारायणगोपालको गीतमा धून प्रस्तुत गरेका थिए। साथै कार्यक्रममा अहिले चर्चित नेपालभाषाको गीत 'अयुलाः लू वया' पनि प्रस्तुत गरिएको थियो।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

टोखामा रहेको महाकालीको मूर्ति

तस्वीर : नविन सिंह

पचलि भैरवया झिनिदँया जात्रा - १

✍ रविन्द्र महर्जन

गथांमुगः चःन्हेया प्यन्हु न्हयः लायकू दरवारया गद्दी बैठकय् ग्वयदां छाया गथांमुगः चःन्हे खुन्हुनिसें झिनिदँया जात्राया लागि प्याखं स्यनाः जात्रा न्हयाकी।

पचली भैरवया प्याखंया शुरुवात चाहि विजया दशमि चालंया दिनसं मरुसतः न्हयःने भुतिसतलय् राष्ट्रनायक नाप श्री पचली भैरवया खड्ग हिलेगु ज्या जुइ, उब्सानिसें जात्रा शुरु जुइ। थथे खड्ग हिलेगु छन्हु न्हयः नवमि खुन्हु दक्व देव गणतय्गु ख्वाःपाःयात पचली भैरवया पीठय् यंकाः पुजाआजा यानाः द्यःपिनिगु साधना याय्गु ज्या जुइ।

कन्हय् खुन्हु दशमीया दिनसं सुथंनिसें मांसाहुति व वंशावली होम याइ। वयालिपा बौद्ध धर्मया आधारय् चचा म्ये हाला, जीविन न्यास, आकर्षण प्रवेश गन्धन, तोषण प्रतिष्ठा व ख्वापालय् किकिंपा छायूपिया समा याकेगु ज्या नं याइ। तन्त्र विधिया ज्या सिधेवं द्यःपिनिगु धारणा यानाः प्याखं ल्हुइपिं गथुतय्सं ख्वाःपाः कलेवर वसः पुनेगु ज्या जुइ। थ्वयां लिपा खड्गयात पुजा याना द्यःपिनिगु ल्हातय् लः ल्हाइ। सिंहिनीया ल्हातय् महापात्र, व्याघ्रिनि ल्हातय् डबडब कुमारीया ल्हातय् म्हय्खापा, नारायणीया ल्हातय् गदा व चकु, गणेशया ल्हातय् पाः लःल्हाय्गु ज्या जुइ। द्यःपनिगु वस्त्र व ख्वाःपाःया रंग स्वया द्यःपिनिगु रुप स्वया जुइ। पचली भैरवया वँचुगु, कुमारीया ह्याउँगु, रुद्रायणीया म्हासुगु रंग जुइ। भैरवयात मेमेपिं देवगणपिं दक्वस्यां शक्ति पुजा याना शक्तिशाली याना तःगु खड्ग लः ल्हायेगु ज्या जुइ व नापनापं प्याखंया ज्या न्हयाइ। वया लिपा साँस्कृतिक बाजंत नापं मरुसतः न्हयःने भुतिसःनिसें जात्रा न्हयाइ।

थ्व जात्राय् दकलय् न्हापां तुफि लुइ वया लिपा कोत कलशकलः नापं न्हयाम्ह मिस्तय्सं लसकुस याना नासःद्यः कलश महालक्ष्मी (कथितिया महाद्यः) सिंहिनी, बाहनी, मनमैजु, पचली भैरव, अजिमा, बाराही, कुमारी, नारायणी, रुद्रायणी, ब्रम्हायणी, गणेश वया लिपा गथु बाजं व भैरव गुथिया नायःत पचली पिथनिसें दक्व द्यःगंछि गथु बाजंया तालय् प्याखं ल्हुल्हुं इनाखा गोफः(गुफः) लगं, ज्याबहा, न्हूघः, चिकंमुगः जुयाः भुतिसः थ्यंकाः पचली भैरवं राष्ट्रप्रमुख नापं खड्ग हिला खड्ग सिद्धि याइगु चलन दु। गथुतय्सं बाजं थाइगु तालय् प्याखं ल्हु ल्हुं जवंखवं बाराही व कुमारी तयाः दथुइ पचली भैरव च्वनाः दक्व प्रकारया सिद्धिया कामना यानाः पचली भैरवं खड्ग साधना यानाः राष्ट्र प्रमुख नापं स्वकः तक हिला प्यकःया पालय् राष्ट्रप्रमुखया खड्ग राष्ट्रप्रमुखया ल्हातय् हे लःल्हाना बिइ।

थ्व स्वयां न्हयः पचली भैरवनाप खड्ग सिद्धि यायेत हनुमानध्वाखाया दरवारयागु मू चुकं हयाः राष्ट्रप्रमुखया खड्ग हनुमान ध्वाखाया सुसाः कुसा याइम्ह हाकिमं राष्ट्र प्रमुखया ँल्हायत लः ल्हाना विइ। खड्ग सिद्धिया ज्याइवः क्वचाय्का सरकारया खड्गयात हानं हाकिमं हे ज्वनाः जात्रा यानाः प्याफः, कम्पुकोट, महेन्द्रेश्वर महाद्यः आकाश भैरव जुया सिंह दुवाः जुया तलेजु भवानी चाःहिलाः हनुमानध्वाखाया गंछि यैं देय् चाहिलेगु ज्या जुइ। पचली भैरवया प्याखं गथु तय्सं हे हुलेमागु खँ पचली भैरव प्पयाखँया मू नायःया धापु कथं छैं गथु व गुँ गय् धयका निथ्व दइ तर गुँ गथु

तय्के याकनं द्यः दुविइगु जुया हे चलय् यानावयाच्वंगु खनेदु व न्हापा न्हापा थ्व प्याखं ज्यापुतय्सं चलय् याना वयाच्वंगु खँ नं कनादीगु दु।

खड्गसिद्धि भुतेश्वर महाद्यः मण्डलय् याय्माःगु परम्परानिसें यागु सम्वन्ध दु धकाः पुरातत्वविद् तेजरत्न ताम्राकारया धापु दु। लिच्छवीकाल लिपा यैंया दक्षिण भेग धयातःगु दक्षिण कोलियाग्रामयात यंगाः व उत्तर कोलियग्रामया पलेसा यम्बु धायेगु यात। भुर्तेश्वर महाद्यः मन्दः यङ्गा (यंगाः) दुहाँ वयेगु मू लुखा थें जुगुलि थन खड्ग सिद्धि याःगु जुइफु।

अयून कमल प्रकाश मल्लं च्वयादीगु पुर्वज लुमंका सफुतिइ पचली भैरव (पाञ्चाली भैरव) उल्लेख जुगु दकलय् पुलांगु अभिलेख नेपाल सम्वत ४५४ सँ मरुसतलय् च्वंगु सिजः पौ व थन च्वंगु मल्लकालया न्हापांम्ह थकु जुजुया पालय् गोष्ठि व सभा यायेगु थाय्या रुपय् वयाच्वंगु कारण हे थुगु सतः वा मन्दः गथेकि थाय्मदु, असंमरु, न्यतमरु न्हयने च्वंगु भुतिसलय् खड्ग सिद्धि यायेगु परम्परा याना वया च्वंगु खः।

पचली भैरवया प्याखं जुजु अमरमल्लया पालंनिसें न्हयाना वयाच्वंगु धका इतिहासकार भाजु सूर्यविक्रम ज्ञवालीया उपत्यकाको इतिहास सफुतिइ च्वयातःगु दु। मेम्ह इतिहासकार भाजु इन्द्ररत्न बज्राचार्यं नं पचली भैरवया प्याखं वि.सं १८५६ सालंनिसें मल्लकालया न्याम्हम्ह जुजु अमर मल्लं हे न्हयाकातःगु खः धकाः धयातःगु दु। तर संस्कृतिविद् इन्द्र मालीं च्वयातःगु 'पचली भैरवया झिनिदँ प्याखँ' स पचली भैरवनाथ ने.सं. ५३५ (वि.सं १४७१-७२) स्वया यक्व न्हयः खः धकाः गुठी संस्थानय् दुगु प्रस्तावया प्रतिलिपि थःयाके सुरक्षित दु धकाः दाबी न यानाच्वंगु दु। वयूकःया धापुकथं अमर मल्लं पचली भैरव प्याखं यात राजकिय रुपं सम्वर्द्धन जक याःगु खः।

खड्गसिद्धि लिपा पचली भैरवया प्याखं दकलय् न्हापा ज्याःबहालय् थःगु हे नासःछैं वया लिपा थकु जुजु व हनुमान ध्वाखाया नासः चुकय् ल्हुइकेगु परम्परा दु वया लिपा मेमेथाय् प्याखं ल्हुइकेगु याइ। थथे प्याखं ल्हुइके न्हयः प्याखँ ल्हुइकेगु दबुलिइ तक शोभायात्रा याना यंकी। प्याखँ ल्हुइगु दबुलिइ वयाः नासःद्यःया आराधना यानाः द्यःपिं गंछि च्वना खँ ल्हायेगु ज्या शुरु जुइ। दकलय् न्हापा सिंहनी, व्याघ्रनी, इन्द्रायणी, भैरव, चामुण्डा, बाराही, कौमार्य (कुमारी), नारायणी, रुद्रायणी, ब्रम्हायणी व गणेश दक्व द्यःपिं च्वना प्याखँ ल्हुइगु याइ।

द्यः गछिं प्याखं ल्हुइ सिधय्वं भैरव याकःचा प्याखं ल्हुइ। वया लिपा भैरव वाराही व चामुण्डाया प्याखं क्वचाय् सात कि चाः पुजा शुरु जुइ।

चान्हय् यागु प्याखनय् देवगणतय्त पञ्चबली धका हँय्, खा, दुगु, फै व मेय् बलि बिइगु ज्या जुइ। थथे पञ्चबली प्वसः बिइवलय् रुद्रायणी (द्रौपती) यात हिया पलेसा दुरु त्वंकिइ। पुजाया नाप नाप यक्व देव गणया न्हयःने ढकी फलफुल (सिसापुसा) नैवेद्य, लंपिचाय् समय्बजि धौपति व धाला तयाविइ। थ्व दक्व समय्बजि बाजंया तालय्

ल्यं मेगु ल्याखय्

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १०८

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गाहा दये, क्रि. (त)	गाहा वये, न्यायत वये।	बिक्नु, खपत हुनु।
गाहा साले, क्रि.	न्याः वःपिन्त थःपाखे सालाकाये।	गाहकीलाई आफूतिर तान्नु।
गाँय्ं, सं.	= गायां।	
गाँयं, ग.	काँय् चिंगु वा गाजः लाःगु धुं निनेत छेले दुगु ताजिग्वः।	थाँक्रो वा झुप्पा आदि गन्दा प्रयोग हुने गणक।
गाँय् चिने, क्रि	काँय् चिने।	झुप्पाहरू गाँसेर मिलाउनु।

हलिं नेवाः गुथि गतिविधि

बिचरी माइली यूट्यूबय्



हलिं नेवाः गुथिया जः बिमला महर्जन मानन्धरं दय्कूगु चिसंकिपा 'बिचरी माइली' यूट्यूबपाखें नं स्वय् फइगु जूगु दु।

विमला महर्जन मानन्धरया न्हय्ब्वयाकथं पिदंगु ४५ मिनेटया थुगु चिसंकिपाया बाखं व अवधारणा नं मानन्धरया हे दु। थुगु चिसंकिपाया मू कलाकारकथं मञ्जु श्रेष्ठ, विमला महर्जन मानन्धर, धर्मयुग श्रेष्ठ, बुद्ध महर्जन, अनुप लामा, मिना प्रधान, दिव्या ए.एस, सविन रत्न शाक्य, मन्दिरा श्रेष्ठ, भगवती श्रेष्ठ, कमला महर्जन, प्रेममाया डंगोल व बिना महर्जनया अभिनय दु।

चिसंकिपाय् मानव डंगोलया नं मचा कलाकारकथं अभिनय स्वय् खनी।

बुद्ध महर्जनया शब्द व संगीतय् दय्कूगु चिसंकिपाया शीर्षम्येय् संगीतकार महर्जनयालिसें लक्ष्मीमैया श्रेष्ठया सः दु।

अभय डंगोलया सिनेमाटोग्राफी दुगु चिसंकिपाया सम्पादन व कलर करेक्सन समन शाक्यं यानादीगु दु।

मन्दिरा श्रेष्ठं मेकअप याकूगु चिसंकिपाया निर्देशन सविनरत्न शाक्यं यानादीगु थुगु लच्छि न्हयः हाइलाइट्स नेपालया यूट्यूबपाखें सार्वजनिक याःगु खः।

छम्ह हे मांया प्वाथं बूपिं मस्तय्गु सोच नं उथें मजुइगु व ईपरिस्थितिकथं उमिगु भाग्य नं पाइगु खँ थुगु चिसंकिपाय् क्यनातःगु दु। सतकर्म याःसां नं भाग्यं साथ मबिल धाःसा उकिया उचित फल तत्काल मदइगु तर धैर्य व लगनशीलतां न्हयाः वन धाःसा उकिया उचित प्रतिफल वइ धइगु सन्देश थुगु चिसंकिपाय् बियातःगु दु। थुगु संकिपाय् विदेश वनाः सयकूगु ज्ञान व शीप छ्यलाः नेपालय् हे छुं याय्गु चाहना ज्वनाः वःपिं ल्याय्म्हत नं थनया नीति, प्रशासन व व्यवस्थापनया हुनिं गुकथं निराश जुयाच्वन धइगु खँ नं थुगु चिसंकिपाय् न्हय्ब्वयातःगु दु।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना। नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ। लिसें थुगु पौयात च्वन्हयाकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

हस्तकला व्यवसायीको प्रोत्साहनका लागि हस्तकला मेला

✍ प्रचण्ड शाक्य

मेलाको तयारी

नेपाल हस्तकला महासंघको आयोजनामा यही मंसिर २८ देखि पुस २ गतेसम्म २० औं हस्तकला मेला तथा १८ औं कला प्रतियोगिताको आयोजना हुँदैछ। हामीले २०४६ सालदेखि निरन्तररुपमा हस्तकला मेला आयोजना गर्दै आएका छौं। हाम्रो नियमित कार्यक्रमको रुपमा यो कार्यक्रमको आयोजना गर्न गइरहेका छौं। यसै अनुरुप हामीले यही मंसिर २८ गतेबाट पुस २ गतेसम्म होटल अन्नपूर्णमा यो कार्यक्रम गर्न गइरहेका छौं। यस कार्यक्रमको प्रमुख अतिथिको रुपमा हामीले राष्ट्रपतिज्यूलाई निमन्त्रणा दिएका छौं। उहाँले आउने पक्का भइसकेको छ। मेलामा १२० वटा स्टलहरुमा हस्तकलाका सामग्रीहरु प्रदर्शन गरिनेछ। जसमा काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका,गोदावरीनगरपालिका, मध्यपुर थिमि नगरपालिका, साँखुबाट र बागमति प्रदेशबाट पनि सहभागिता हुने निश्चित भइसकेको छ।

यसैगरी प्रतियोगितातर्फ हेर्ने हो भने हामीले यसपटक परम्परागत विधा पौभाः विधालाई प्राथमिकता दिएका छौं। यसमा १६-१७ जना कलाकार हरुले भाग लिँदै हुनुहुन्छ। जुन प्रत्यक्ष प्रदर्शनीका रुपमा हुन्छ भने अन्तिम दिनमा उहाँहरु मध्ये उत्कृष्टलाई सम्मान गरिनेछ। यसैगरी समसामयिक विषयमा हामीले छ्वालि कलालाई प्राथमिकतामा राखेका छौं। यसमा पनि १५-१६ जना साथीहरुले भाग लिँदै हुनुहुन्छ। यसका साथै ७० वर्षभन्दा माथिका हस्तकला कलाकारहरुलाई सम्मान गर्ने, यस वर्षका उत्कृष्ट निर्यातकर्तालाई सम्मान गर्ने कार्यक्रम रहेको छ। साथै हाम्रो अमूर्त कलाको संरक्षण गरिरहेका कलाकारहरुको कला प्रदर्शन तथा हस्तकलाका कलाकार हरुको कला पनि प्रदर्शन गर्ने कार्यक्रम रहेको छ। हामी कार्यक्रम तयारीको अन्तिम चरणमा आइसकेका छौं।

मेलाको आकर्षण

हाम्रो निर्यातमा अहिले धेरैजसो फेल्टको सामग्रीहरु रहेका छन् साथै पश्चिमा, हाते कागज, अनि हाम्रो धातु मूर्तिका वस्तुहरु, प्राकृतिक रेसाका वस्तुहरु, गरगहनाहरु जुन् भविष्यमा राम्रो बजार लिने सम्भावना रहेका वस्तुहरुको हामीले प्रदर्शन गर्दैछौं। हुनत हस्तकलाका ४२ विधा भनेर हामी भन्ने गर्छौं, हाम्रो ६० वटा देशमा निर्यात हुन्छ। ती सबै वस्तुहरुलाई समेटेर हामीले प्राथमिकता दिएका छौं। साथै हाम्रा १३ वटा वस्तुगत संघहरु छन्। ती संघहरुले पनि भाग लिनु भएको छ। यसैगरी १९ वटा जिल्ला संघहरु छन्। उनीहरुलाई पनि हामीले समेटेका छौं।

सम्मानित व्यक्तित्व

हामीले सम्मानका लागि विधागत रुपमा छुट्याएका छौं। परम्परागत विधाको रुपमा माटोको, कागजको मुखौटा बनाउने कलाकार, धातु मूर्तिका कलाकार, सूनचाँदीमा काम गर्ने कलाकारहरु जुन बुट्टा कुँदने कलाकारहरु जो अहिले वृद्धावस्थामा पुगेका छन्, तर नेपाल सरकारबाट कुनै किसिमको सम्मान पाउन नसकेका कलाकारहरुलाई छानेर हामीले सम्मान गर्ने योजना रहेको छ।

नेपाल सरकारको नीति

हुनत म महासंघको अध्यक्षमा निर्वाचित भएदेखि नै नेपाल सरकारले हस्तकलालाई पहिलो प्राथमिकता दिनु पर्छ भनेर लागेको हुँ। यसका लागि हस्तकलामा लाग्नेलाई प्रोत्साहित गर्नुपर्छ भनेर हामीले संघ, प्रदेश र स्थानीय तहमा कुरा राखेका छौं र यसका लागि निरन्तर लागिरहेका छौं। नेपालको जीडीपीमा कृषि पछिको दोश्रो निर्यात हुने र योगदान दिने क्षेत्र भएको हुनाले यो क्षेत्रलाई प्राथमिकतामा राखिनु पर्छ भनेर हामी लागिरहेका छौं। हाम्रो महासंघले २०७५ सालमा नै उद्योग तथा वाणिज्य मन्त्रालयमा हस्तकलाको नीति बनाउनुपर्छ भनेर हाम्रो अवधारणा बुझाएका छौं। राजनीतिक अस्थिरताका कारण यो कार्य अलि पछाडि सर्न पुगेको छ। यसै नीति अनुरुप बागमति प्रदेशमा हस्तकला ग्रामको विधेयक पारित भइसकेको छ। हस्तकला ग्रामको विधेयक अन्तिम चरणमा पुगेको अवस्थामा यसलाई सहयोग पुगोस् भनेर ललितपुर क्षेत्रलाई क्राफ्ट सिटीको रुपमा घोषणा गरिसकिएको छ। यसका साथै जनकपुर, भक्तपुर, काठमाडौं जस्तै अरु पनि ठाउँ जसलाई हस्तकलाको केन्द्रका रुपमा विकास गर्न सकिन्छ त्यसलाई क्राफ्ट सिटीका रुपमा मान्यता दिलाउनका लागि वर्ल्ड क्राफ्ट काउन्सिलमा अध्ययनको रुपमा हामी लागिरहेका छौं।

नीतिको लागि महासंघको पहल

हस्तकलाको मौद्रिक तथा आर्थिक नीतिका लागि अर्थ मन्त्रालयबाट समय समयमा सुझावहरु माग्नु हुन्छ। त्यो अनुसार हामीले उद्यमी प्रवर्द्धनका लागि जहिले पनि सुझाव दिइरहेका छौं। नेपाल सरकारले यस क्षेत्रलाई घरेलु तथा साना उद्योगको रुपमा मात्र होइन, यसलाई विशेष स्थान दिएर हेर्नुपर्छ। किनभने हस्तकलाले नेपालको नामलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने गर्दछ। यस्तै यो हाम्रो भ्यालु एडेड प्रोडक्टको रुपमा अक्सनमा हेर्नुहुन्छ भने मिलियन डलरको प्रोडक्टको रुपमा नेपालको नाम राखिरहेको हुनाले यसलाई विशेष प्राथमिकतासाथ हेरिनु पर्छ। अहिले पनि हेर्नुहुन्छ भने चाइनामा नेपालको मूर्तिको माग हामीले ९ प्रतिशत मात्र पुरा गर्न सकिरहेका छौं। ९१ प्रतिशत बाँकि नै छ। यसकारणले बजार अझै पनि ठूलै छ। यसमा नेपाल सरकारले पनि साथ दिएर हस्तकला क्षेत्रलाई प्रवर्द्धन गर्न सक्यो भने अझ विस्तार गर्न सकिन्छ। यसका साथै हामी नेपाली दाजुभाइहरु पनि सबै मिलेर यो बजारलाई सदुपयोग गर्न सक्नुपर्छ। हामीले अहिले अस्वस्थ प्रतिस्पर्धा गर्न थाल्यौ भने हाम्रो गुणस्तर खस्किन सक्छ। यसैले म सबै दाजुभाइहरुलाई सँगै मिलेर अगाडि बढ्न आग्रह गर्दछु। साथै नेपाल सरकारका पदाधिकारी तथा कर्मचारीहरुले पनि नेपाली हस्तकलाका सामग्रीहरु प्रयोग गरी नेपाली कपडाहरुको प्रयोग गरिदिनु भएमा हस्तकलाकर्मीहरुलाई ठूलो प्रोत्साहन हुनेछ भन्न चाहन्छु।

मेलाको व्यवस्थापन

हस्तकलाको मूल कमिटीको संयोजक भनेर कार्यसमितिले नै जिम्मेवारी लिएको छ। मूल कमिटीमा १३ वटा वस्तुगत संघ, जिल्ला संघहरुका साथै संघका सल्लाहकारहरु मूल कमिटीमा हुनुहुन्छ। यसका साथै अन्य आवश्यक व्यवस्थापनका लागि प्रचारप्रसार, स्टल व्यवस्थापन, सजावट, कला प्रतियोगिता लगायत विभिन्न १२ वटा उपसमितिहरु बनाइएका छन्।

सहभागिता

हाम्रो लक्ष्य ५ लाख हो। ठमेल र रत्नपार्कबाट नजिकै र काठमाडौंको केन्द्रमा नै कार्यक्रम हुने भएकोले यसमा धेरै जनाले सहभागिता जनाउनु हुन्छ भन्ने अपेक्षा गरेका छौं। यो मेलामा हामीले बी टू बी र बी टू सीको हिसाबले पनि ग्राहकहरु आउने हुन्छ। अलि अलि प्रोडक्टहरु किन्नेहरु पनि आउनु हुन्छ नै। साथै बी टू बीको रुपमा उहाँहरुले प्रोडक्ट हेरेर पछि अर्डर दिनेहरु पनि आउने हुन्छ। यसपटक हामीले चाइना आर्टस् एण्ड क्राफ्ट सोसाइटीलाई पनि निमन्त्रणा गरेका थियौं। ७ गतेको परिस्थितिका कारण मेला सार्नु पर्यो। अहिले पनि केरुडबाट क्रेताहरु आउन तयार रहेको जानकारी प्राप्त भएको छ। मेलामा लगभग ३(४ करोड कारोवार हुने अनुमान रहेको छ।

विगतका प्रतियोगिता

हामीले विगतमा मेलामा सहभागी स्टलहरुबाटै उत्कृष्ट पहिचान गर्ने गरेका थियौं। छैठौं कला प्रतियोगिताबाट हामीले कलाकार हरुलाई नै उपस्थित गराएर ४ दिनभित्रमा उहाँहरुबाट नै केही न केही बनाउन दिएर प्रतियोगिता गर्न थाल्यौं। यसमा हामीले माटोको मूर्तिकला, पौभाः, पाताञ्या, कतांज्या, गहना डिजाइन गर्ने, मैनको मूर्ति बनाउने, समसामयिक रुपमा हातेकागजको गहना डिजाइन, फेल्टको गहना डिजाइन, बुनाइ, पोतेजन्य वस्तुहरु, प्राकृतिक रेसालाई पनि स्थान दिएर प्रतियोगिता संचालन हुँदै आएको छ।

प्रतियोगितामा सहभागिता

मेलाको उद्घाटन भइसकेपछि पौभाःका प्रतियोगीहरुलाई क्यानभास र छ्वालीका कलाकारहरुलाई छ्वाली र कागज उपलब्ध गराइसकेपछि उहाँहरुले त्यहीं बसेर ४ दिनभित्र कस्तो कलाकृति तयार गर्नुहुन्छ। त्यसैको आधारमा उहाँहरुको मूल्यांकन हुन्छ। यसका लागि पौभाः कला र छ्वाली कलाका विज्ञहरु सम्मिलित निर्णायक समिति तयार गरेका छौं। उहाँहरुले अवलोकन गरेर कलाको मूल्यांकन गर्नुहुनेछ। उहाँहरुले दिनुभएको अंककै आधारमा उत्कृष्ट कलाको चयन हुनेछ। अहिलेको लागि निर्णायकहरु को को हुनुहुन्छ भन्ने गोप्य नै राखौं।

मेलाको उपलब्धी

मेला हुँदा हस्तकलाका नयाँ नयाँ उत्पादनहरु प्रदर्शनीमा आउने र त्यसका अर्डरहरु आउने गरेको हामीले पाएका छौं। यसले हस्तकलाको निर्यातमा नै योगदान पुर्याउने हुन्छ। यो मेलामा हस्तकला महासंघको लगभग एक करोड खर्च हुन्छ। यसले हस्तकला व्यवसायीहरुलाई प्रोत्साहन मिल्ने र यसले निर्यात पनि वृद्धि हुन्छ भनेर हामीले यसलाई निरन्तर संचालन गरिरहेका छौं।

(नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यसँग मेरो साप्ताहिकका सम्पादक रत्न काजी महर्जनले गर्नुभएको कुराकानीमा आधारित)



हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, शौंया आवश्यकता LAHANA WEEKLY वाःपो
खोजी खोजी पढौं ।

यु-१९ एसिया कप

नेपाललाई फराकिलो अन्तरमा जित्नै पर्ने दवाव

● **मेरो संवाददाता**

काठमाडौं/एसिसी यु-१९ एसिया कप क्रिकेटअन्तर्गत मंगलवार हुने समूह चरणको अन्तिम खेलमा भारतसँग प्रतिस्पर्धा गर्ने भएको छ। नेपालले यस खेलमा भारतलाई ठूलो अन्तरमा जित्नु पर्ने दवाव रहेको छ।

समूह चरणको आइतवार भएको दोस्रो खेलमा नेपाल अफगानिस्तानसँग ७३ रनले पराजित भएको छ।

संयुक्त अरब इमिरेट्स (युएई) स्थित आइसिसी एकेडेमी ओभल २ मैदानमा आइतबार भएको खेलमा जितका लागि दुई सय ६२ रनको चुनौतीपूर्ण लक्ष्य पछ्याएको नेपाल ४०.१ ओभरमा सबै विकेटको क्षतिमा एक सय ८८ रनमा समेटिएको थियो।

लगातार दोस्रो हारसँगै नेपालको सेमिफाइनल पुग्ने गणितीय सम्भावना कमजोर बनेको छ।

नेपाल समूहको पहिलो खेलमा पाकिस्तानसँग सात विकेटले पराजित भएको थियो। नेपालले समूह चरणको अन्तिम खेल भारतका विरुद्ध मंगलवार सेमिफाइनल प्रवेशको भिनो आशाका साथ खेल्ने भएको छ।

समूह 'ए' मा नेपाल अङ्कविहीन बन्दै अन्तिममा छ। चार अङ्क बनाएको पाकिस्तान शीर्षस्थानमा छ। यस्तै दुई अङ्क बनाएको भारत दोस्रो र समान दुई अङ्क नै बनाएको अफगानिस्तान नेट रनरेटका आधारमा तेस्रो स्थानमा छ।

यदि नेपालले मङ्गलबार भारतलाई फराकिलो अन्तरले हराएमा अगाडि बढ्ने सम्भावना छ। भारतलाई नेट रनरेटमा पछि पार्न सकेमा र अर्को खेलमा पाकिस्तानले अफगानिस्तानलाई पनि फराकिलो अन्तरले हराएमा नेपाल अगाडि बढ्नेछ।

अहिले नेपालको नेट रनरेट माइनस २.०२४ छ। अफगानिस्तानको नेट रनरेट ०.२०३, भारतको ०.४५४ र पाकिस्तानको १.५६३ रहेको छ। भारत दोस्रो खेलमा पाकिस्तानसँग आठ विकेटले पराजित भएपछि नेपालको सेमिफाइनलमा पुग्ने अङ्कगणितीय भिनो सम्भावना रहेको हो।

एसिया कपमा नेपाल समूह 'ए' मा छ। यस समूहमा बलिया टोली भारत, पाकिस्तान र अफगानिस्तान छन्।

समूह 'बी' मा आयोजक युएई, जापान, बङ्गलादेश र श्रीलङ्का छन्।

एसिया कपलाई एक महिनापछि दक्षिण अफ्रिकामा आयोजना हुने आइसिसी यु-१९ विश्वकप तयारीको रूपमा समेत लिइएको छ। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्।

कामपाको मैत्रीपूर्ण फुटबल सम्पन्न

● **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं महानगरपालिकाले सोमवार प्रमुख ११ र प्रमुख प्रशासकीय अधिकृत ११ बीच मैत्रीपूर्ण फुटबल सम्पन्न गरेको छ। २९ औं महानगर दिवस २०८० का अवसरमा दशरथ रङ्गशालामा आयोजना गरिएको खेलमा जनप्रतिनिधिको नेतृत्व प्रमुख बालेन्द्र शाह (बालेन) र कर्मचारीको नेतृत्व प्रमुख प्रशासकीय अधिकृत बसन्त अधिकारीले गर्नुभएको थियो। महानगर दिवस, प्रतियोगिता सञ्चालन उपसमितिले खेलको आयोजना गरेको हो।

खेलको शुरुवात गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ्ले रेफ्री ओम न्यौपानेलाई र रेफ्री न्यौपानेले महानगरका प्रमुख शाह र उपप्रमुख एवं महानगर दिवस मूल समारोह समितिकी संयोजक सुनिता डंगोललाई फुटबल हस्तान्तरण गर्नु भएको थियो।

खेलमा कर्मचारीकातर्फबाट जीवन थापाले ३ गोल र सविन लामाले २ गोल गर्नुभएको थियो। यसैगरी जनप्रतिनिधिका तर्फबाट प्रेम थापाले १ गोल र नविन भण्डारीले २ गोल गर्नुभएको थियो।

जनप्रतिनिधि र कर्मचारी बिचको मैत्री खेल उदाहरण हो। यसले आन्तरिक समन्वयलाई बिम्बित गर्छ। खेल सकिएपछि मुल समारोह समितिकी संयोजक डंगोलले प्रतिक्रिया दिनुभयो। महानगर दिवसका कार्यक्रमअन्तर्गत २७ गते बाँसुरी बादन प्रतियोगिता, २८ गते गुरु सम्मान र २९ गते मूल समारोह हुनेछ।

बिचाः हायेका

बूदिं
वि.सं. २०१०/१२/०८

मदुगु दिं
वि.सं. २०८०/०८/१३

स्व. जीत नारायण महर्जन

थुगु खौपा बाजं खलःया जः राजेश महर्जनया अबुलिसें खलःया संस्थापक नायः व गुरु व खौपा टोल विकास समाजया संस्थापक नायः

जीत नारायण महर्जन

आकाभ्काकां मदुगुलिं जिपिं खलःया सकल जःया नुगः मछिं ।
वय्कलं खलःयात च्वन्ह्याकेत बियादीगु योगदानयात जिमिसं सदां लुमंका तयेगु जुइ धासें
दिवंगत आत्माया सुखावति भुवनस बास लायेमा धइगु मनंतुना च्वना ।
दुःखंकःपिं छँजःपिसं अनित्य संसारयात लुमंकाः नुगः ची फयेमा धकाः
सकल जःपिनिपाखें बिचाः हायेका च्वना ।

खौपा बाजं खलः

सकल जः

मेरो साहित्य

अब सिद्धार्थ बुद्ध बन्न सक्दैन

✍ **प्रलय**

कोही सुद्धोदन पनि चाहँदैन
सिद्धार्थ बुद्ध बनोस्
बुबाको मन न हो को चाहन्छ,
छोरो जोगी बनेको हेर्न ?

पहिलेका सुद्धोधन राजा थिए, छोरालाई सुख सयलमा राखे
अहिलेका सुद्धोदन परिवार पाल्न आफै प्रवासमा पलायन भए।

बुबा नदेखेको वर्षौं भयो, घरको दुःखमा आतिन्छ,
कपिलवस्तुमा के छ र ?
सिद्धार्थ आजकाल काठमाडौंमा भेटिन्छ।
पढाइ लेखाइ सकाएर, जागिर खोज्न हिँडेको छ
लोकसेवा पास होला त ? डिभी पिआर पनि भरेको छ।

पढ्न विदेश पसेको सिद्धार्थले उतैको नागरिकता लिएको छ
धेरै दुःख बुझेको हुनाले होला दुखको समाधान विदोमै पाएको छ
कति सिद्धार्थ नोकरी गर्न खाडीतिर लागे
ध्यान दिएर काम गर्दा पनि बाकसमै फर्के।

पहिले सिद्धार्थ सुखैसुखमा वाक्क भए
अहिले सिद्धार्थ दुःखैदुःखले दिक्क भए
पहिले दुःखको उपाय खोज्न हिँडे
अहिले सुखको उपाय खोज्न हिँडे।

यस्तोमा सिद्धार्थ कसरी बुद्ध बन्न सक्छ ?
आफ्नो परिवार पाल्न भारत पलायन भएको सुद्धोदन हेर्दै
अब मात्र अर्को सुद्धोदन बुद्ध वाज बर्न इन नेपाल लेख्न सक्छ।
सिद्धार्थ अब बुद्ध बन्न सक्दैन।

बाला चतुर्दशी पर्व सम्पन्न



• **सुनिता महर्जन**

काठमाडौं/पितृहरुको सम्झनामा सयौं भक्तजनले पशुपति लगायत अन्य धार्मिक स्थलमा गई सतबिज छर्ने कार्य आइतबार राति सम्पन्न भयो।

प्रत्येक वर्षको हेमन्त ऋतुको मार्गकृष्ण चतुर्दशीमा पर्ने बालाचतुर्दशी पर्वलाई शतबीज रोपण पर्व पनि भनिन्छ। यो पर्व विशेषगरी पितृहरूको उद्धारको निम्ति उनीहरूको सम्झनामा मनाइन्छ।

मार्गकृष्ण त्रयोदशीको साँझमा उपत्यकाको पशुपतिनाथ लगायत अधिराज्यका अन्य शिवालयमा दीप प्रज्वलन गरी रातभरि जाग्राम बसी भोलिपल्ट अर्थात् चतुर्दशीको दिन शतबीज (धान, जौ, तिल, गहुँ, चना, मकै र नेवाः समुदायमा मुलाको ससाना चक्का,पिडालु र फुल पनि राखि) छर्ने चलन रहेको छ।

यसै दिन राति इन्द्रायणी मन्दिर अगाडि सर्पाहुति यज्ञ पनि सम्पन्न भएको छ। यस होममा ३२ प्रकारका गेडागुडीसँगै चार प्रकारका जोडि जनावर (फट्याग्रा, माछा, सर्प र चरा) पनि होम गरिन्छ। यस होममा पृथ्वीतत्व र आकाश तत्व विचको सृष्टि र संहारको प्रतिविम्वित गरेको पाइन्छ। यसमा लिएका परेवा आकाशमा उड्ने, पानी रहने माछा, हावामा उड्ने फट्यांग्रा, जल र थल दुवैमा बस्ने सर्पका साथमा राँगाको टाउको बलि दिनुले यहि अर्थ दर्साउछ।

यसपालि नेवाः समुदायका त्यरः टोलका बालकहरुलाई वःला (बनबास पठाउने काम पनि सम्पन्न भएको छ। करीव ६० जना बालक सहभागि भएको सो वलाःका वच्चाहरुलाई शुरुमा भुडि गणेश स्थानमा राखि राति इन्द्रायणी मन्दिरमा लगि सर्पाहुति होम दर्शन गराउने परम्परा रहेको छ। नेवार समुदायको ज्यापु जातिको परम्परामा तीन वर्ष वःला सपना पुरा भएपछि मात्र टोलमा सहभागि जनाउन तयार रहेको मानिन्छ।

बाला चतुर्दशी पर्वका अवसरमा इन्द्रायणी देवीका साथै शोभाभगवती, भुँडीगणेशको पनि जात्रा हुने गर्दछ।

जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ ।

बैंकको नाम	खाता नं (चल्ती खाता)
राष्ट्रिय वाणिज्य बैंक, पुतलीसडक	११३०१०००० ३७६२००१
कृषि विकास बैंक, रामशाहपथ	००१००२०१००२९०७०१४
नेपाल बैंक लिमिटेड, काठमाडौं	००२००१००५१००३९०००००१
एभरेष्ट बैंक लिमिटेड, नयाँ बानेश्वर	००१०११०२२०००१२
स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट	०००१०१३२४३८०१
ग्लोवल आइएमई बैंक लिमिटेड, वानेश्वर	००४०१०१०००००५७
हिमालयन बैंक लिमिटेड, ठमेल	०१९०५६३१२१००११
नबिल बैंक लिमिटेड, दरवारमार्ग	१७१००१७५०५२८५
हिमालयन बैंक लिमिटेड, कमलादी	०१९०५६३१२१००४६ (डलर खाता)

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

ज्ञानशाला र हलिं नेवाःको संयुक्त आयोजनामा रक्तदान

• **मेरो संवाददाता**

काठमाडौं/'हलिं नेवाः दबू, नेपाः देय् मूकवः' र 'ज्ञानशाला अनुसन्धान केन्द्र'को संयुक्त आयोजनामा मंसिर २३ गते शनिवार खुसिबुँमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

खुसिबुँस्थित ज्ञानशालाको कार्यालय उत्तमचोकमा भएको कार्यक्रममा काठमाडौं क्षेत्र नं. ७ का प्रतिनिधिसभा सदस्य गणेश पराजुली प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

चिसो मौसममा हुने रक्तअभावलाई मध्यनजर गर्दै ब्लोदान काठमाडौं मध्येक्षेत्रसँगको सहकार्यमा आयोजित रक्तदान कार्यक्रममा ४३ जना महानुभावले रक्तदान गर्नुभयो।

प्रमुख अतिथि गणेश पराजुलीले आफूसँग पनि रक्तदानको अनुभव भएको र यस्तो कार्यले मान्छेको ज्यान बचाउनका साथै रक्तदान सम्वन्धी चेतना पनि जागृत भएकोले आफूपनि यस्तो कार्यमा लाग्ने र लाग्न प्रेरित गर्दै आएको बताउनुभयो।

रक्तदान अघिको औपचारिक कार्यक्रमलाई समापन गर्ने क्रममा केन्द्रका अध्यक्ष भोला ढकालले ज्ञानशालाले ज्ञानका कुरा गर्नु त छँदैछ, यसले समाज र मानवताको पनि कुरा गर्ने भएकोले रक्तदान कार्यक्रमको आयोजनामार्फत मानव र समुदायसँग थप जोडिन चाहेको बताउनुभयो।

दबूका अध्यक्ष सुरेन्द्रभक्त श्रेष्ठले संस्थाको तर्फबाट रक्तदान कार्यक्रमको सुरुआत भएको र भविष्यमा पनि यस्ता कार्यक्रमहरू गर्दै जाने बताउनुभयो।